# नमुना विद्यालय व्यवस्थापन निर्देशिका

## २०७४

नेपाल सरकार

शिक्षा मन्त्रालय

## शिक्षा विभाग

सानोठिमी, भक्तपुर

# नमुना विद्यालय व्यवस्थापन निर्देशिका

# २०७४

नेपाल सरकार

शिक्षा मन्त्रालय

## शिक्षा विभाग

सानोठिमी, भक्तपुर

# विषय सूची


| क्र. सं. | विषय | | पेज नं. |
|---|---|---|---|
| १. | परिच्छेद -१<br>संक्षिप्त नाम र प्रारम्भ | - | १ |
| २. | परिच्छेद -२<br>परिभाषा | - | १ |
| ३. | परिच्छेद -३<br>उद्देश्य | - | २ |
| ४. | परिच्छेद -४<br>नमुना विद्यालय छनौटका आधार तथा प्रक्रिया | - | २ |
| ५. | परिच्छेद -५<br>नमुना विद्यालयको विकास | - | ४ |
| ६. | परिच्छेद -६<br>विद्यालय सञ्चालन तथा व्यवस्थापन | - | ८ |
| ७. | परिच्छेद -७<br>पाठ्यक्रम सम्बन्धी व्यवस्था | - | १२ |
| ८. | परिच्छेद -८<br>शिक्षक तथा कर्मचारी व्यवस्थापन | - | १२ |
| ९. | परिच्छेद -९<br>आर्थिक व्यवस्थापन | - | १८ |
| १०. | परिच्छेद -१०<br>विविध | - | १९ |
| ११. | अनुसूची | - | २१- ४५ |

# नमुना  विद्यालय व्यवस्थापन निर्देशिका, २०७४

**प्रस्तावना**

सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच , नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरूलाई प्रभावकारी बनाई प्रवर्तनात्मक अभ्यासमार्फत् विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सामुदायिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रूपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने नमुना विद्यालयको आवश्यकता देखिएकाले विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट , विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक देखिएकाले नेपाल सरकार , शिक्षा मन्त्रालयले शिक्षा नियमावली, २०५९(संसोधन सहित) को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम **नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४** रहेको छ।

१.२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ।

१.३ यो निर्देशिका छनौट भएका नमुना विद्यालयहरूको हकमा मात्र लागु हुने छ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

२.१ "**नमुना विद्यालय** " भन्नाले यो निर्देशिका बमोजिम छनौट भई तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा भएका माध्यमिक विद्यालय सम्झनु पर्दछ।

२.२ "**सार्वजनिक शैक्षिक गुठी** " भन्नाले शिक्षा ऐन , २० २८(संशोधन सहित) बमोजिम सार्वजनिक शैक्षिक गुठीका रूपमा सञ्चालित विद्यालय सम्झनु पर्दछ।

२.३ "**कार्यसम्पादन करार** " भन्नाले नमुना विद्यालयका लागि छनौट भएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिच भएको विद्यालय सुधार र व्यवस्थापन सम्बन्धी सम्झौतालाई सम्झनु पर्दछ। साथै यसले प्रधानाध्यापक र शिक्षक बिचको सम्झौतालाई समेत जनाउनेछ।

२.४ "**प्रदेश**" भन्नाले नेपालको संविधानको भाग ३४ धारा ३०६ , (१) (च) मा उल्लेख भएअनुसारको प्रदेश सम्झनु पर्दछ।

२.५ "**स्थानीय तह**" भन्नाले नेपालको संविधानको भाग ३४ धारा ३०६ , (१) (ढ) मा उल्लेख भएअनुसारको स्थानीय तह सम्झनु पर्दछ ।

२.६ "**प्रधानाध्यापक**" भन्नाले यस निर्देशिकामा उल्लेख भएअनुसार करारमा नियुक्त भएका प्रधानाध्यापक सम्झनु पर्दछ ।

२.७ **"प्रदेश शिक्षा निकाय "** भन्नाले प्रदेश तहमा विद्यालय शिक्षा हेर्ने उच्च शैक्षिक निकायलाई सम्झनु पर्दछ ।

## परिच्छेद-३

### उद्देश्य

३. यो निर्देशिका जारी गर्नुका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

३.१ नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

३.२ गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाहरूको सहज पहुँचको आधार तयार गर्नु

३.३ विद्यालयको शासकीय प्रबन्धमा विशेष व्यवस्था गरी उच्च नतिजाका लागि प्रोत्साहन गर्नु

३.४ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरू बिच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु

३.५ विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु ।

## परिच्छेद-४

### नमुना विद्यालय छनौटका आधार तथा प्रक्रिया

**४. नमुना विद्यालय छनौटका आधार तथा प्रक्रिया देहायबमोजिम हुनेछन्:**

**४.१ नमुना विद्यालय छनौटका आधारहरू देहायबमोजिम हुनेछन्:**

(क) प्रत्येक स्थानीय तहमा क्रमिक रूपमा कम्तीमा एक नमुना माध्यमिक विद्यालय सञ्चालन हुने गरी अनुसूची-२ अनुसारका सूचकका आधारमा विद्यालय छनौट गरिने छ । सबै स्थानीय तहमा कम्तीमा एक एक ओटा नमुना विद्यालय छनौट तथा विकास नभएसम्म सोही स्थानीय तहमा एक भन्दा बढी विद्यालय छनौट गरिने छैन ।

(ख) नमुना विद्यालय सञ्चालनका लागि छनौट भएका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना तर्जुमा गरिने छ । गुरुयोजनाका आधारमा तीन वर्षभित्र क्रमशः नमुना विद्यालयका रूपमा विकास गरिने छ ।

**४.२ नमुना विद्यालय छनौटका न्यूनतम सर्तहरूः**

यो निर्देशिकामा उल्लेख भएअनुसारको प्रक्रिया तथा मापदण्डका आधारमा नमुना विद्यालय विकास गर्न विद्यालय छनौटका लागि निम्न पूर्वाधार हुनुपर्नेछः

क) माध्यमिक विद्यालय हुनुपर्ने : प्रारम्भिक बालशिक्षा देखि कक्षा १२ सम्म सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय हुनुपर्ने छ।

तर कुनै स्थानीय तहमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म सञ्चालित विद्यालय नमुना विद्यालय छनौटको आधार अन्तर्गत नपरेमा प्रारम्भिक बालशिक्षा देखि कक्षा १० सम्म सञ्चालित विद्यालयलाई लिन सकिने छ।

ख) पर्याप्त जग्गा भएको हुनुपर्ने : नमुना विद्यालयको रूपमा विकास गर्न अनुसूची ३ मा उल्लिखित भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालय हाताभित्र वा हातासँग जोडिएको तराईमा भए न्यूनतम दुई बिघा र हिमाली, पहाडी तथा उपत्यका क्षेत्रमा भए न्यूनतम दश रोपनी जग्गा हुनु पर्ने छ। कारणवस स्थापना कालदेखि नै सार्वजनिक वा ऐलानी जग्गामा विद्यालय स्थापना भई सञ्चालनमा रहेको कुनै सामुदायिक माध्यमिक विद्यालयको आफ्नै स्वामित्वमा जग्गा नरहेको अवस्थामा त्यस्ता विद्यालयले सम्बन्धित स्थानीय तहबाट भोगाधिकार सम्बन्धी कागजात संलग्न गर्नुपर्ने छ।

ग) विद्यालय सुरक्षित स्थानमा रहेको हुनुपर्ने : विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्ने छ। कुनै विद्यालय जोखिमपूर्ण स्थानमा छ वा छैन भन्ने विवाद उत्पन्न भएमा स्थानीय तहको शिक्षा कार्यालयले सोही तहको भूमिसम्बन्धी कार्य गर्न तोकिएको निकायको प्राविधिकको राय समेतका आधारमा दैवी प्रकोप उद्दार समितिसँग परामर्श गरी टुङ्गो लगाउनुपर्ने छ।

घ) लिखित प्रतिबद्धता र सिफारिस पेस गर्नु पर्ने: सङ्घ, प्रदेश र स्थानीय तह लगायतका निकायबाट समय समयमा प्राप्त हुने मार्गदर्शन अनुरूप कार्य गर्न विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णय पेस भएको हुनुपर्ने छ। सम्बन्धित स्थानीय तहबाट विद्यालयको विकास र सञ्चालनमा आवश्यक सहयोग र समन्वय गर्ने सिफारिस पत्र विद्यालयले आवेदन साथ पेस गर्नुपर्ने छ।

ङ) विद्यार्थी सङ्ख्या: नमुना विद्यालयका लागि छनौट हुने विद्यालयमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म शिक्षा नियमावलीले तोके बमोजिमको कक्षागत न्यूनतम विद्यार्थी सङ्ख्याको कुल योग पुगेको हुनुपर्ने छ।

च) अन्य सर्तहरुः नमुना विद्यालयको छनौटमा सहभागी हुन चाहने विद्यालयहरूले माथि उल्लिखित सर्तहरूका अतिरिक्त देहायबमोजिमका सर्तहरू समेत पूरा गरेको हुनुपर्नेछः

१) विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको,

२) विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण वार्षिक रूपमा तोकिएकै समयमा सम्पन्न गरेको,

३) तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेस गरेको।

**४.३ छनौट प्रक्रिया**

४.३.१ नमुना विद्यालय छनौटका लागि देहायबमोजिमका प्रक्रियाहरू अपनाइने छ:

क) प्रदेश स्तरमा विद्यालय शिक्षा हेर्ने उच्च शैक्षिक निकायले इच्छुक विद्यालयहरूबाट आवेदन दिनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने छ।

ख) तोकिएका न्यूनतम स र्त तथा मापदण्ड हरू पूरा गरेका विद्यालयले तोकिएको समय सीमाभित्र सम्बन्धित स्थानीय तहको शिक्षा कार्यालयमा मापनका लागि चाहिने आवश्यक सम्पूर्ण कागजातसहित निवेदन पेस गर्नुपर्ने छ ।

ग) स्थानीय तहको शिक्षा कार्यालयले प्राप्त निवेदनहरूको छानविन गरी रितपूर्वक निवेदन दिने विद्यालयको स्थलगत अ नुगमन गर्ने गराउने र कार्यालयको अभिलेख भिडाई अनुसूची-२ मा उल्लिखित आधारमा प्रारम्भिक मूल्याङ्कन गर्नुपर्ने छ।

घ) प्रारम्भिक मूल्याङ्कन गरिएका सबै विद्यालयहरूको प्राप्ताङ्कको समष्टिगत तालिकासहित उच्चतम अङ्क प्राप्त गर्ने बढीमा ३ ओटा विद्यालयहरूको सक्कलै फा यल गाउँपालिका वा नगरपालिकाको सिफारिससहित स्थानीय तहको शिक्षा कार्यालयले तोकिएको समयभित्र पुग्ने गरी प्रदेश शिक्षा मन्त्रालय वा निकायमा पठाउनुपर्ने छ।

ङ) माथि बुँदा (घ) अनुसार प्राप्त फाइल प्रदेश तहको शिक्षा निकायबाट स्थलगत अवलोकन गरी गराई प्रारम्भिक मूल्याङ्कनको सत्यापन गरी उच्चतम अङ्क प्राप्त गरेको विद्यालयलाई छनौट गर्ने छ।

च) प्रदेश तहको शिक्षा निकायले छनौट भएका विद्यालय को जानकारी स्थानीय शिक्षा कार्यालयमार्फत सम्बन्धित विद्यालयलाई दिनुपर्ने छ।

छ) विद्यालय छनौट सम्बन्धी उजुरी तथा गुनासो सुन्ने निकाय प्रदेश स्तरमा विद्यालय शिक्षा हेर्ने उच्च शैक्षिक निकायको हुने छ।

## परिच्छेद-५

## नमुना विद्यालयको विकास

५**. नमुना विद्यालयका लागि आवश्यक पूर्वाधार देहायबमोजिम हुनेछन्** :

५.१ **नमुना विद्यालयको लागि आवश्यक शैक्षिक पूर्वाधारः** नमुना विद्यालयका लागि आवश्यक शैक्षिक पूर्वाधारहरू देहाय बमोजिम हुनेछः

क**)** विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र विषयका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समेत तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गरिने छ।

ख**)** शिक्षण सिकाइ क्रियाकलाप व्यवहार कुशल सिपमा आधारित हुने छ। साथै परियोजनामा आधारित आधुनिक शिक्षण विधि र प्रविधिसहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ।

ग) विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत मध्यनजर गरी शिक्षण सिकाइका लागि आवश्यक पर्ने उपयुक्त र पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरिने छ।

घ) आधारभूत तहका विद्यार्थीहरूका लागि पूर्वव्यावसायिक सिपको अवसरहरू उपलब्ध गराइने छ।

ङ) स्थानीय पाठ्यक्रम प्रारूपको आधारमा स्थानीय परिवेश र आवश्यकता अनुसारको पाठ्यक्रम विद्यालय आफैँले तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ ।

च) विद्यालयले सिकाइ, व्यवस्थापन तथा प्रवर्तनात्मक कार्यहरूको अनुभव आदान प्रदान गर्न आफ्नो सेवा क्षेत्रभित्रका अन्य विद्यालयहरू बिच सञ्जाल निर्माण गर्नुपर्ने छ साथै अन्य नमुना विद्यालयहरूबिचसमेत सञ्जाल निर्माण गर्न सक्ने छ। विद्यालयले विदेशस्थित अन्य शैक्षिक संस्था वा विद्यालयहरूसँग समेत सहकार्यका लागि सञ्जाल विस्तार गर्न सक्ने छ।

छ) विद्यालयले प्रत्येक वर्ष विद्यार्थी , शिक्षक तथा अभिभावकसहितको शैक्षिक अध्ययन , अवलोकन भ्रमण गराउनुपर्ने छ।

ज) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने छ।

झ) विद्यालयको आफ्नो अद्यावधिक वेब साइट र विद्युतीय सामाजिक सञ्जाल हुने छ। विद्यालयका सम्पूर्ण गतिविधि वेब साइट तथा यस्ता सञ्जाल मार्फत सार्वजानिक गर्नुपर्ने छ।

ञ) शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था भएको हुनुपर्ने छ।

५.२ **नमुना विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारः** नमुना विद्यालयका लागि आवश्यक पूर्वाधारहरू देहायबमोजिम हुने छ तर भौतिक पूर्वाधार विकास सम्बन्धी विशिष्टिकरण अनुसूची-३ मा उल्लेख भएअनुसार हुने छ।

क) **शिक्षण भवन तथा कक्षाकोठा:** बालमैत्री, अपाङ्गमैत्री, विपद् प्रतिरोधात्मक साथै तोकिएको मापदण्डअनुसार कक्षाकोठाको सङ्ख्या र पूर्वाधार उपलब्ध हुने छ। आधुनिक शिक्षण पद्धतिअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिने छ। प्रारम्भिक बाल शिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमको प्रर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कक्षाको व्यवस्था हुने छ।

ख) **प्रशासनिक भवन** : प्रधानाध्यापक, शिक्षक ए वम् कर्मचारीको लागि छुट्टै कोठासहितको प्रशासकीय भवनको व्यवस्था हुने छ।

ग) **आवासीय सुविधा:** विद्यालयको आवश्यकतानुसार न्यूनतम् दुईसय जना विद्यार्थीसम्मका लागि आवासीय प्रबन्ध मिलाइने छ। जसमा पचास प्रतिशत छात्राहरूका लागि आवासीय प्रबन्ध गर्नुपर्ने छ। छात्राबासमा बसी अध्ययन गर्ने विद्यार्थीका लागि विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका , २०७३ र विद्यालय छात्राबास व्यवस्थापन निर्देशिका, २०७१ अनुसारको आवासीय सुविधा उपलब्ध गराइने छ।

घ) **पुस्तकालय:** आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएको छुट्टाछुट्टै पुस्तकालयको व्यवस्था हुने छ। पुस्तकालयलाई क्रमशः विद्यु तीय पुस्तकालयको रूपमा विकास गर्दै लगिनेछ। पुस्तकालयमा ल्याङग्वेज किटको समेत व्यवस्था हुने छ।

ङ) **प्रयोगशाला**: विज्ञान विषयअन्तर्गत भौतिक विज्ञान , रसायन विज्ञान , जीव विज्ञान तथा प्राविधिक धारतर्फका विषय क्षेत्र अनुसार सबै विद्यार्थीहरूको सहज पहुँच हुने गरी छुट्टाछुट्टै प्रयोगशालाको व्यवस्था हुनेछ। सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटवर्किङको व्यवस्थासहित प्रोजेक्टर लगायतका उपकरण र कम्तीमा ४० सेट कम्प्युटरको व्यवस्था गरिने छ।

च) **विद्यालय सङ्ग्रहालय:** स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले कला, धर्म, संस्कृति, संस्कार, जीवनशैली, भेषभुषा, इतिहास, स्थानीय भौगर्भिक वस्तुहरू र परम्परागत प्रविधि जस्ता स्थानीय परिवेश झल्किने गरी विद्यालय हाताभित्र एउटा सङ्ग्रहालयको व्यवस्था गरिने छ।

छ) **प्राथमिक उपचार तथा परामर्श कक्ष :** विद्यार्थीहरूको प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीसहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्था गरिने छ। स्वास्थ्य सेवा उपलब्ध गराउन एक जना स्वास्थ्य सहायकको व्यवस्था गरिने छ। विद्यालय स्तरमा प्राथमिक स्वास्थ्य सेवाका वारेमा अभिभावक तथा विद्यार्थीहरूलाई निरोधात्मक, उपचारात्मक एवम् सचेतनामूलक स्वास्थ्य सेवा उपलब्ध गराइने छ। विद्यार्थीको आवश्यकतानुसार ह्विल चेयर र स्ट्रेचर, प्राथमिक उपचार बाकस आदिको समेत व्यवस्था गरिने छ। साथै विद्यार्थीहरूका लागि शैक्षिक परामर्श तथा मनोसामाजिक परामर्शका लागि परामर्श कक्षको व्यवस्था गरिने छ। परामर्शका लागि विद्यालयका शिक्षकहरूको क्षमता विकास गरिने छ।

ज) **व्यावसायिक कार्यशाला कक्ष :** विद्यालयको आवश्यकताअनुसार विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै व्यावसायिक सिपतर्फ उन्मुख गराउनका लागि स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व व्यावसायिक क्रियाकलाप सञ्चालन गरिने छ। यसका लागि एक छुट्टै कार्यशाला कक्षको व्यवस्था गरिने छ।

झ) **खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी सुविधा:** विद्यालयमा सबै विद्यार्थी तथा शिक्षकहरूका लागि कम्तीमा ४० जना बराबर एक धारा हुने गरी सुरक्षित भण्डारणसहित को पर्याप्त तथा स्वच्छ पानीको व्यवस्था गरिने छ। ४० जना विद्यार्थी बराबर एक हुने गरी छुट्टाछुट्टै बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री शौचालय तथा वातावरण मैत्री विद्यालयको व्यवस्था गरिने छ।

ञ) **चमेना गृह :** विद्यालयको हाताभित्र एकपटकमा एकसय जना विद्यार्थीले प्रयोग गर्न सक्ने चमेनागृहको व्यवस्था गरिने छ। आवासीय भवनका लागि भान्छाकोठा तथा खाना खाने कोठा छुट्टाछुट्टै व्यवस्था गरिने छ। आवासीय रूपमा रहने विद्यार्थी तथा अन्य विद्यार्थीहरूको लागि स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्री समेत प्रयोग गरी सन्तुलित तथा पोषणयुक्त खाना तथा खाजाको व्यवस्था हुने छ।

ट) **अडिटोरियम हल:** विद्यालयस्तरमा हुने सभा सम्मेलन, सास्कृतिक कार्यक्रम र Indoor-game लगायतका क्रियाकलापहरू सञ्चालनका लागि आवश्यकता अनुसार विद्यालयमा कम्तीमा दुईसय जना क्षमता भएको एक अडिटोरियम हलको व्यवस्था गरिने छ।

ठ) **घेरावार तथा बगैँचा :** विद्यालयको हाता मा सुरक्षित , बालमैत्री र वातावरणमैत्री घेरावार हुने छ। विद्यालयको घेरावार हरित विद्यालयको अवधारणा प्रवर्द्धन गर्ने हुनुपर्ने छ। साथै विद्यालय हातामा करेसावारी तथा फूलबारीसहितको बगैँचा हुने छ। विद्यालयको हाताको कुल क्षेत्रफलको कम्तीमा बीस प्रतिशत क्षेत्र हरियाली क्षेत्र हुने छ।

ड) **खेलमैदान**: भलिवल, टेबलटेनिस र सम्पूर्ण विद्यार्थीहरूलाई एकैपटक प्रार्थना (एसेम्ली) गर्न पुग्ने तथा सम्भव भएसम्म फुटवल लगायतका अन्य खेलहरू खेल्नका लागि उपयुक्त खेलमैदान हुने छ।

ढ) **वैकल्पिक विद्युतीय व्यवस्था** : विद्यालयमा सम्पूर्ण विद्युतीय उपकरण हरू निरन्तर रूपमा सञ्चालनका लागि आवश्यक बैकल्पिक उर्जा प्रणालीको व्यवस्था गरिने छ।

**५.३ नमुना विद्यालयका लागि आवश्यक सुशासनका पक्षहरू** :

५.३.१ नमुना विद्यालयका लागि आवश्यक सुशासनका पक्षहरू देहायबमोजिम हुनेछन्:

क) विद्यालयले विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना तयार गर्ने छ।

ख) विद्यालयको कक्षाकोठा , प्रयोगशाला , पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरूको अनुगमन गर्न सकिने गरी सिसिटिभीको व्यवस्था गरिने छ। शिक्षक तथा कर्मचारीको हाजिरी विद्युतीय रूपमा गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

ग) विद्यालयले विद्यालय सुधार योजना बनाउनु पर्ने छ र त्यसलाई हरेक वर्ष अद्यावधिक गरी सोही अनुसार विद्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्नु पर्ने छ।

घ) विद्यालयले विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी स्थानीय तहको शिक्षा कार्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ।

ङ) विद्यालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्वीकृत साधनका आधारमा वार्षिक कार्यसम्पादन अवस्थाको स्वमूल्याङ्कन गरी अभिभावक भेलामार्फत् सार्वजनिकीकरण गर्नुपर्ने छ।

च) विद्यालयले तोकिए बमोजिम सामाजिक तथा लेखा परीक्षण गर्नुपर्ने छ।

छ) विद्यालयले प्रत्येक त्रैमासिक परीक्षाको सिकाइ उपलब्धिको विवरण शिक्षक अभिभावक बैठक गरी वितरण तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि परामर्श दिनुपर्ने छ ।

ज) विद्यालयको समग्र व्यवस्थापन हेर्ने अधिकार सम्पन्न छुट्टै प्रधानाध्यापकको व्यवस्था हुने छ। सहायक प्रधानाध्यापक तथा आवश्यकतानुसार विषय प्रमुखको व्यवस्था प्रधानाध्यापकले तोकेअनुसार हुने छ।

झ) विद्यालयमा बाल क्लव, स्काउट जुनियर रेडक्रस सर्कल गठन गर्नुपर्ने छ।

ञ) विद्यालयले विपद् व्यवस्थापन योजना बनाई सोको कार्यान्वयन गर्नुपर्ने छ।

ट) विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गरिने छ।

५.३.२ विद्यालयले देहायबमोजमका प्रतिवेदनहरू नियमित तथा आवधिक रूपमा सम्प्रेषण गर्नुपर्ने छ।

क) अभिभावक तथा विद्यार्थीलाई दिनुपर्ने प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी प्रगति विवरण

ख) अभिभावक भेलामा पेस गरिने विद्यालय प्रतिवेदन

ग) लेखा परीक्षण प्रतिवेदन

घ) सामाजिक परीक्षण प्रतिवेदन

ङ) विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालयको कार्यसम्पादन परीक्षणको प्रतिवेदन

च) सह तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रतिवेदन

छ) शैक्षिक तथ्याङ्क

ज) विद्यालय विकास गुरुयोजना तथा विद्यालय सुधार योजनाको वार्षिक कार्यान्वयनको अवस्था प्रतिवेदन

५.४ यस परिच्छेदमा व्यवस्था भएबमोजिम विद्यालय विकासका लागि गुरुयोजना निर्माण विद्यालय छनौट भएको छ(६) महिनाभित्र सुरु गरिने छ।

## परिच्छेद -६

## विद्यालय सञ्चालन तथा व्यवस्थापन

६. विद्यालय सञ्चालन तथा व्यवस्थापन देहायबमोजिम हुनेछः

### ६.१ नमुना विद्यालय प्रदेश निर्देशक समिति

| | |
|---|---|
| क) प्रदेशस्तरमा स्थापना हुने उच्च शैक्षिक निकायको प्रशासकीय प्रमुख | - अध्यक्ष |
| ख) प्रदेश उद्योग वाणिज्य सङ्घको एक जना प्रतिनिधि | - सदस्य |
| ग) प्रदेश तहमा क्रियाशील अभिभावक सङ्घमध्येबाट अध्यक्षले मनोनित गरेको एक जना प्रतिनिधि | - सदस्य |
| घ) प्रदेश तहको जनस्वास्थ्य हेर्ने मन्त्रालयको एक जना प्रतिनिधि | - सदस्य |
| ङ) प्रदेश तहको महिला तथा बालबालिका हेर्ने मन्त्रालयको एक जना प्रतिनिधि | - सदस्य |
| च) प्रदेश तहको सञ्चार हेर्ने मन्त्रालयको एक जना प्रतिनिधि | - सदस्य |
| छ) प्रदेश तहको पाठ्यक्रम विकास केन्द्रको एक जना प्रतिनिधि | - सदस्य |
| ज) प्रदेश तहको परीक्षा बोर्डको एक जना प्रतिनिधि | - सदस्य |
| झ) प्रदेश तहको शैक्षिक जनशक्ति विकास केन्द्रको एक जना प्रतिनिधि | - सदस्य |
| ञ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आङ्गिक प्राविधिक शिक्षालयको एक जना प्रतिनिधि | - सदस्य |
| ट) प्रदेशस्तरमा स्थापना हुने उच्च शैक्षिक निकायको शैक्षिक व्यवस्थापन हेर्ने सहसचिव | - सदस्य सचिव |

उपर्युक्त अनुसारको समितिको बैठकमा नमुना विद्यालयका वि द्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, विषय विज्ञ , गैरसरकारी सङ्स्था महासङ्घको जिल्ला प्रतिनिधि लगायतका प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।

उपर्युक्त अनुसारको प्रदेशस्तीय समिति गठन नभए सम्म निम्न अनुसारको केन्द्रीय नमुना विद्यालय निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| क) | सचिव,शिक्षा मन्त्रालय | - अध्यक्ष |
| ख) | शिक्षा मन्त्रालयका सबै सहसचिवहरू | - सदस्य |
| ग) | महानिर्देशक, शिक्षा विभाग | - सदस्य |
| घ) | कार्यकारी निर्देशक,शैक्षिक जनशक्ति विकास केन्द्र | - सदस्य |
| ङ) | कार्यकारी निर्देशक,पाठ्यक्रम विकास केन्द्र | - सदस्य |
| च) | प्रतिनिधि,राष्ट्रिय योजना आयोग | - सदस्य |
| छ) | प्रतिनिधि,अर्थ मन्त्रालय | - सदस्य |
| ज) | निर्देशक, केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, शिक्षा मन्त्रालय | - सदस्य |
| झ) | निर्देशक, शैक्षिक व्यवस्थापन महाशाखा,शिक्षा विभाग | - सदस्य सचिव |

**६.२ नमुना विद्यालय प्रदेश निर्देशक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:**

क) नमुना विद्यालय छनौट, विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था गर्ने तथा आवश्यक मार्गदर्शन गर्ने।

ख) नमुना विद्यालयको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्रारष्ट्रिय सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने।

ग) नमुना विद्यालय सञ्चालनका लागि विद्यालय छनौटका आधार तय गर्ने तथा मापदण्डहरूलाई समयानुकूल परिमार्जन गर्ने।

घ) नमुना विद्यालय सञ्चालनका लागि विद्यालय छनोट गर्ने र स्वीकृति दिने।

ङ) नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि निश्चित मापदण्डबमोजिम आवश्यक पर्ने भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने।

च) नमुना विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहमा रहेका सम्बन्धित समितिहरू र अन्य सरोकारवाला निकायहरूलाई आवश्यक निर्देशन दिने।

छ) नमुना विद्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण गरी गराई आवश्यक निर्देशन दिने।

## ६.३ स्थानीय तहको शिक्षा कार्यालयको भूमिका

स्थानीय तह क्षेत्रभित्र सञ्चालन हुने नमुना विद्यालयको व्यवस्थापन , रेखदेख र स ञ्चालन गर्न स्थानीय तहको शिक्षा कार्यालयको भूमिका देहायबमोजिम हुने छः

क) आफ्नो क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूबाट नमुना विद्यालय छनौटका लागि सिफारिस गर्ने ।

ख) नमुना विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराउने तथा त्यस्तो योजनाको अनुगमन गरी सुझाव दिने ।

ग) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुर्यायउने ।

घ) गरिबीको रेखामुनि रहेका बालबालिकाको शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने ।

ङ) आफ्नो क्षेत्रभित्र सञ्चालित नमुना विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने र शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरिवेक्षण, अनुगमन गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

च) आफ्नो क्षेत्रभित्र सञ्चालित अन्य सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा विकास गर्न अभिप्रेरित गर्ने ।

छ) छनोट भएको नमुना विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई गुरुयोजना निर्माण गर्न लगाई सो स्वीकृत गर्ने र कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र सो कार्यान्वयनको अनुगमन गर्ने ।

ज) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गराउने र सोका लागि विद्यालयहरूलाई प्रोत्साहन गर्ने ।

झ) नमुना विद्यालय विकास तथा सञ्चालन सम्बन्धमा स्थानीय तह र विद्यालय व्यवस्थापन समितिबिच करार सम्झैता गर्ने ।

## ६.४ विद्यालय व्यवस्थापन समिति

नमुना विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन गर्नका लागि प्रचलित शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिमकै विद्यालय व्यवस्थापन समिति रहने छ । प्रचलित शिक्षा ऐन र नियमावलीमा तोकिएको समितिको काम कर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिम हुने छः

क) यस निर्देशिकाको अनुसूची ८ बमोजिम करारमा प्रधानाध्यापक नियुक्ति गर्ने ।

ख) विद्यालय विकासका लागि गुरुयोजना तयार गरी स्वीकृतीका लागि स्थानीय तहको शिक्षा कार्यालयमा पेस गर्ने र गुरुयोजनाको कार्यान्वयन गर्ने ।

ग) विद्यालयमा रिक्त रहेको शिक्षक दरबन्दीमा नियुक्ति गर्दा विद्यार्थी सङ्ख्याको आधारमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने ।

घ) आफ्नो विद्यालयको वार्षिक रूपमा स्वमूल्याङ्कन गरी विद्यालय सुधार योजना अद्यावधिक गर्ने ।

ङ) विद्यार्थी सिकाइका लागि आवश्यक प्रयोगात्मक स्रोत साधनको व्यवस्था गर्ने ।

च) विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न उपसमिति बनाई जिम्मेवारी बाँडफाँड गर्ने।

छ) आवश्यकता अनुसार विद्यार्थी आवासको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने।

ज) विद्यालयभित्र विद्यार्थीहरूको विद्यालय स्वास्थ्य कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्ने।

झ) निर्देशिकामा तोकिएबमोजिम वार्षिक रूपमा सामाजिक परीक्षण गर्ने।

ञ) भर्ना भएका बालबालिकालाई टिकाई राख्ने वातावरण सिर्जना गर्ने।

ट) विद्यालयमा प्राप्त हुने आवासीय छात्रवृत्ति , विपन्न लक्षित छात्रावृत्ति लगायतका विभिन्न छात्रवृत्ति वितरण गर्ने।

### ६.५ **खरिद ईकाइ सम्बन्धी व्यवस्था**

विद्यालयलाई आवश्यक पर्ने सामाग्री खरिदका लागी आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम खरिद ईकाइ गठन गरी विद्यालय स्तरको खरिद सम्बन्धी निर्देशिकामा भएको व्यवस्थाबमोजिम गर्नुपर्ने छ। उक्त समितिले आवश्यक परेमा थप कार्यविधि आफैंले तयार गर्न सक्ने छ।

### ६.६ शिक्षक अभिभावक सङ्घ

नमुना विद्यालयमा शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम शिक्षक अभिभावक सङ्घ रहने छ।

### ६.७ विद्यार्थी भर्नाका आधार

#### ६.७.१ विद्यार्थी भर्नाका लागि देहायको आधार लिइने छ :

क) विद्यालयको सेवा क्षेत्रभित्रका प्रारम्भिक बालविकास उमेर समूहको हकमा १५ मिनेटको पैदल दुरीसम्मका,

ख) आधारभूत तहका उमेर समूहका ३० मिनेटको पैदल दुरीसम्मका,

ग) माध्यमिक तहका उमेर समूहका ६० मिनेटको पैदल दुरीसम्मका।

उपर्युक्त अनुसारका सेवा क्षेत्रका बालबालिकाहरूलाई अनिवार्य रूपमा भर्ना गर्नुपर्ने छ। विद्यालयको क्षमताअनुसार थप विद्यार्थी भर्ना गर्दा प्रवेश परीक्षा सञ्चालन गरी सोको आधारमा भर्ना गर्नुपर्ने छ।

#### ६.७.२ आवासीय विद्यार्थी छनौटका आधार

अ) कक्षा ६ देखि माथि अध्ययन गर्ने विपन्न, विशेष प्रतिभावान् र लक्षित समूहका बालबालिकाको लागि आवासीय रूपमा पठन पाठनको व्यवस्था हुने छ। दैनिक दुई घण्टा भन्दा बढी पैदल हिँडेर विद्यालय जानु आउनु पर्ने विद्यार्थीहरूमध्येबाट पचास प्रतिशत छात्रा हुने गरी निम्नानुसार छनौट गर्नुपर्नेछ:

क) आर्थिक रूपमा विपन्नका लागि तिस प्रतिशत

ख) लक्षित समूहका बालबालिकाहरूका लागि तिस प्रतिशत

ग) अपाङ्ग बालबालिकाहरूका लागि पाँच प्रतिशत

घ) विशेष प्रतिभावान् बालबालिकाहरूका लागि पन्ध्र प्रतिशत

आ) दैनिक दुई घण्टा भन्दा कम पैदल हिडेर विद्यालय जानु आउनु पर्ने विद्यार्थीहरू मध्येबाट विपन्न, विशेष प्रतिभावान् र लक्षित समूहका बालबालिकाको लागि विस प्रतिशत कोटा निर्धारण गर्नुपर्ने छ।

**६ .७.३ छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधार**

नमुना विद्यालयले आवासीय छात्रवृत्ति उपलब्ध गराउन विद्यार्थी छनोट प्रयोजनका लागि विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७३ बमोजम छनोट गर्नुपर्ने छ ।

## परिच्छेद-७

### पाठ्यक्रम सम्बन्धी व्यवस्था

७. नमुना विद्यालयको पाठ्यक्रम सम्बन्धी व्यवस्था देहायबमोजिम हुने छः

७.१ नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने छ।

७.२ राष्ट्रिय पाठ्यक्रम प्रारूपमा व्यवस्था भएका बहुविषय अध्ययनका लागि आवश्यक व्यवस्था मिलाई विज्ञान विषय समूह , प्राविधिक तथा व्यावसायिक विषय समूह र भाषा विषय समूहलगायतका विषय समूहबाट छनौटको अवसर प्रदान गर्नुपर्ने छ।

## परिच्छेद-८

### शिक्षक तथा कर्मचारी व्यवस्थापन

८. नमुना माध्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्था देहायबमोजिम हुनेछः

**८.१ प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

प्रधानाध्यापकको व्यवस्था निम्नानुसार हुने छ:

क) व्यवस्थापकीय पक्षमात्र हेर्ने गरी एक जना पूर्णकालीन प्रधानाध्यापक करारमा नियुक्ति गरिने छ।

ख) करार अवधि पाँच वर्षको हुने छ।

ग) कार्यसम्पादन करारको सर्तका आधारमा तिन र पाँच वर्षमा निजको मूल्याङ्कन गरिने छ। कार्यसम्पादन सन्तोषजनक भएमा पुन: एक पटक करार अवधि थप गर्न सकिने छ।

घ) कार्यसम्पादन सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिले करार सम्झौता भङ्ग गरी पदबाट हटाउन सक्ने छ। तर यसरी पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मनासिव मौकाबाट बन्चित गरिने छैन।

### ८.१.१ सेवा सुविधा

क) छनौट भएको प्रधानाध्यापकले खाइपाई आएको तलब स्केलको एक तिहाइ बराबरको रकम प्रधानाध्यापक भत्ता उपलब्ध गराइने छ। साथै अन्य सुविधाको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुने छ।

ख) शिक्षा नियमावलीमा व्यवस्था भएअनुसारको विदा सुविधा उपलब्ध गराइने छ।

### ८.१.२ विद्यालय विकास प्रस्ताव मूल्याकन समिति

विद्यालय विकास प्रस्तावको ढाँचा अनुसूची ७ र प्रस्ताव मूल्याङ्कनको आधार अनुसूची ८ बमोजिम हुने छ। प्रस्ताव मूल्याङ्कनका लागि देहायबमोजिमको एक छनोट समिति रहने छः

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्षले तोकेको व्यक्ति संयोजक

ख) स्थानीय तहको शिक्षा हेर्ने अधिकृत प्रतिनिधि, सदस्य

ग) स्थानीय तहको शिक्षा कार्यालयबाट मनोनित विज्ञ १ जना सदस्य

यस प्रयोजनका लागि विज्ञ भन्नाले न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा स्नातक तहमा अध्यापनरत व्यक्तिलाई जनाउने छ।

### ८.१.३ प्रधानाध्यापकको योग्यता र नियुक्ति प्रक्रियाः

अ) नमुना माध्यमिक विद्यालय सञ्चालनका लागि नियुक्ति गरिने प्रधानाध्यपकको योग्यता देहायबमोजिम हुने छ।

क) माध्यमिक तहमा कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएको स्थायी शिक्षक

ख) स्नातकोत्तर तह उत्तीर्ण गरेको

ग) उच्च नेतृत्व क्षमता भएको

घ) विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग सम्बन्धमा जानकार भएको

ङ) ५५ वर्ष उमेर ननाघेको

च) विद्यालय विकास प्रस्ताव तथा वैयक्तिक विवरण सम्बन्धी अनुसूची ७ बमोजिमको मूल्याङ्कनमा कम्तीमा ७० प्रतिशत अङ्क ल्याएका मध्येबाट उच्चतम अङ्क प्राप्त गरेको।

आ) नमुना विद्यालय सञ्चालनका लागि प्र धानाध्यापक नियुक्ति गर्दा देहायका प्रक्रिया पुरा गर्नुपर्ने छः

क) यस निर्देशिकामा व्यवस्था गरिएको विद्यालय विकास प्रस्ताव मूल्याकन समितिले विद्यालय विकास प्रस्ताव आह्वान गर्नुपर्ने छ।

ख) प्रस्तावमा विद्यालयको विद्यमान शैक्षिक , आर्थिक , भौतिक तथा मानवीय पक्षसँग सम्बन्धित विवरण संलग्न हुनुपर्ने छ।

**८.२ प्रधानाध्यापकको काम कर्तव्य र अधिकार**

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त देहायका काम , कर्तव्य र अधिकार हुने छन्:

क) विद्यालय सुधार योजना र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने।

ख) विद्यालय छात्रावास रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि प्रबन्ध मिलाउने।

ग) विभिन्न उपसमितिहरू, विषय प्रमुखहरू, सहायक प्रधानाध्यापकलगायत सरोकारवाला निकायहरूबिच समन्वय गरी विद्यालय व्यवस्थापन समितिलाई नियमित जानकारी गराउने।

घ) सम्भावित जोखिमहरूको पहिचान गरी न्यूनीकरणका लागि क्रियाशील रहने।

ङ) विद्यालयको समग्र पक्षको अनुगमन योजना बनाई नियमित अनुगमन गर्ने गराउने।

च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सक्षमता अभिवृद्धिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी सोको मूल्याङ्कनका आधारमा प्रोत्साहन गर्ने।

ज) विद्यालयको लागि खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने।

झ) प्रचलित शिक्षा ऐन, नियम , निर्देशिका तथा विद्यालय विनियमावलीमा भएका प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितता गर्ने।

**८.३ शिक्षक व्यवस्था**

८.३.१ शिक्षा नियमावलीमा व्यवस्था भएअनुसार आधारभूत तहको कक्षा १ - ५ सम्मको हकमा विद्यार्थी सङ्ख्याको आधारमा र कक्षा ६ -८ तथा माध्यमिक तहको हकमा तह , विषय र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक को व्यवस्था गरिने छ। आधारभूत तह कक्षा ६ -८ र माध्यमिक तहको हकमा अङ्ग्रेजी, विज्ञान र गणित शिक्षकको सुनिश्चितता हुनुपर्ने छ।

८.३.२ माथि उल्लेख भएको विषयगत शिक्षकको अतिरिक्त विद्यालयको आवश्यकतानुसार देहायबमोजिमका शिक्षक हुनेछन्:

क) कम्प्युटर शिक्षक (ICT)

ख) कला तथा सङ्गीत शिक्षक

ग) खेलकुद शिक्षक

घ) प्रारम्भिक बालविकास सहजकर्ता/शिक्षक

**८.३.**३ प्रति कक्षा विद्यार्थी आकार ३० जनाला ई मानी थप शिक्षक व्यवस्थापन गर्नुपर्ने छ। यसरी थप गरिएको शिक्षक सेवा करारका हुने छन्। सेवा करारका शिक्षकहरूको सेवा सुविधा विद्यालय विनियमावलीमा उल्लेख भएबमोजिम हुने छ।

**८.३.४** सरकारी स्रोतबाट अनुदान प्राप्त गर्ने मौजुदा शिक्षकहरूका हकमा कु नै शिक्षक अन्यत्र जान चाहेमा सो अवसर प्रदान गर्ने ।

**८.३.५** रिक्त हुन आएका पदमा विद्यालयले करारमा शिक्षक नियुक्ति गर्ने। स्थायी शिक्षक सरुवाका लागि विद्यालयले अनुरोध गरेमा स्थानीय तहको शिक्षा कार्यालयले सोही अनुसार शिक्षक व्यवस्थापन गर्न सक्ने छ।

**८.३.६** एउटा कक्षामा सामान्यतया ३० जना विद्यार्थी हुने छन्। विद्यार्थी सङ्ख्या ४५ वा सो भन्दा बढी भएमा वर्ग खोल्नु पर्ने छ। थप शिक्षक व्यवस्थापनका लागि विद्यार्थी सङ्ख्याका आधारमा एकमुष्ट अनुदान उपलब्ध गराइने छ।

## ८.४ प्रशासनिक कर्मचारी सम्बन्धी व्यवस्था

नमुना विद्यालयमा तपसिल अनुसारका सेवा लिनका लागि एकमुष्ठ अनुदान उपलब्ध गरिने छ। विद्यालय व्यवस्थापन समितिले सेवा करार मार्फत सेवाको व्यवस्था मिलाउनुपर्ने छः

क) लेखा व्यवस्थापन (रापअनं प्रथम सरह १)

ख) कार्यालय व्यवस्थापन (रापअनं प्रथम सरह १)

ग) स्वास्थ्य तथा परामर्श सेवा (रापअनं प्रथम सरह १)

घ) प्रयोगशाला व्यवस्थापन (रापअनं प्रथम सरह १)

ङ) पुस्तकालय व्यवस्थापन (रापअनं प्रथम सरह १)

छ) सुरक्षा व्यवस्थापन (कम्तीमा २ जनाबाट सुरक्षा सेवा लिने)

ज) आया सेवा (प्रारम्भिक बालविकासका लागि )

उपर्युक्तानुसारका सेवा सेवा करार मार्फत गर्नुपर्ने छ।

## ८.५ छात्रावास सम्बन्धी व्यवस्था

### ८.५.१ सञ्चालन सम्बन्धी व्यवस्था

क) होस्टेल वार्डेन सेवाका लागि छात्र र छात्रा होस्टेलका लागि पुरुष र महिला वार्डेन १ /१ जना को व्यवस्था गरिने छ। वार्डेनका लागि कार्यरत शिक्षकलाई नै थप जिम्मेबारी दिने साथै वार्डेनको रूपमा कार्यरत शिक्षकलाई निशुल्क आवास तथा भोजनको सुविधा उपलब्ध गराउने प्रबन्ध विद्यालय व्यवस्थापन समितिले गर्न सक्ने छ । विद्यालयले आवश्यकता महसुस गरेमा छुट्टै सहायक वार्डेनको व्यवस्था गर्न सक्ने छ। छात्रावासका आवासीय विद्यार्थीहरूलाई विहान, बेलुका अतिरिक्त समयमा

अध्यापन गराउने व्यवस्था मिलाई शिक्षकलाई विद्यालयको वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार अतिरिक्त सुविधाको व्यवस्था विद्यालयले गर्न सक्ने छ।

ख) भान्से सेवाका लागि होस्टेलमा रहने ५० विद्यार्थी बराबर १ जना भान्सेको व्यवस्था हुने छ।

ग) आया सेवाका लागि होस्टेलमा बस्ने ५० जना विद्यार्थीका लागि १ जना आयाको व्यवस्था हुने छ।

घ) सुरक्षा सेवाका लागि महिला र पुरुष गरी २ जना सुरक्षा गार्डको व्यवस्था हुने छ।

**८.५.२ वार्डेनको काम कर्तव्य र अधिकार देहायअनुसार हुनेछः**

क) आवासीय विद्यार्थीहरूको आचार संहिता निर्माण र पालना,

ख) होस्टल सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने।

ग) अभिभावकसँग छलफल गरी अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाउन अभिभावक तथा समाजसेवीबाट थप आर्थिक स्रोत जुटाउने।

घ) आवासीय विद्यार्थीहरूलाई कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारी, भान्सा, सरसफाइ लगायतका जीवनोपयोगी सिप प्रवर्द्धन गर्ने र हरेक दिन योग प्रशिक्षणको व्यवस्था गर्ने ,

ङ) आवास व्यवस्थापनमा देखिएको समस्या र निराकरणको योजना प्रधानाध्यापक समक्ष पेस गर्ने,

च) आवास सञ्चालनको लागि विद्यालय व्यवस्थापन समितिले तोकिदिएको कार्यादेश पुरा गर्ने गराउने,

छ) आवास व्यवस्थापनमा खटाइएका कर्मचारीको कामको रेखदेख र मूल्याङ्कन गर्ने,

ज) आवश्यक खाद्यसामाग्री व्यवस्थापनको उचित प्रबन्ध मिलाउने,

झ) दैनिक खानाको तालिका निर्धारण गरी सो अनुसार गर्न लगाउने,

ञ) आवासमा खानाको गुणस्तर कायम गराउन अनुगमन तथा मुल्याङ्कन गर्ने,

ट) आवासमा विद्यार्थीका लागि अतिरिक्त सिकाइ तथा खेलकुद सामाग्री र मनोरञ्जनात्मक सामाग्रीको समुचित व्यवस्थापन र प्रभावकारी परिचालन गर्ने,

ठ) आवासीय विद्यार्थी छनोटमा प्रधानाध्यापक र विद्यालयलाई आवश्यक सहयोग गर्ने,

ड) आवासीय विद्यार्थीका लागि प्राथमिक उपचारको व्यवस्था मिलाउने।

**८.६ शिक्षक सँग कार्यसम्पादन करार**

प्रधानाध्यापकले सिकाइ उपलब्धि वृद्धि प्रक्षेपणसहितको नतिजा खाकाका आधारमा शिक्षकसँग कार्यसम्पादन करार गर्नुपर्ने छ। यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधार बनाइने छ।

### ८.७ क्षमता विकास सम्बन्धी व्यवस्था

प्रधानाध्यापक तथा शिक्षकहरूलाई पेसागत विकासका लागि तालिम लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नमुना विद्यालय व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास गरिने छ। क्षमता विकास गर्नुपूर्व आवश्यकताको विश्लेषण गरी तालिम प्याकेज विकास गरिने छ। साथै असल अभ्यास भएका विद्यालयहरूको अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय अवलोकन भ्रमण समेत गराउन सकिने छ।

### ८.८ विद्यालय उपलब्धिको मापन

क) नमुना विद्यालयका लागि छनौट भएको विद्यालयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र वा स्थानीय तह को शिक्षा कार्यालयबाट कार्य सम्पादन परीक्षण र विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गरी आधार रेखा तयार गरिने छ।

ख) उक्त आधार रेखाका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरिने छ।

ग) हरेक ३ /३ वर्षमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय स्तरमा मापन गरिने छ।

घ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरी विद्यालयले प्रत्येक वर्ष कार्यसम्पादनको स्वमूल्याङ्कन गरी सार्वजनिकीकरण गर्नुपर्ने छ र सोको जानकारी शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई समेत दिनुपर्ने छ।

### ८.९ प्रोत्साहन सुविधा

विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइने छ।

#### ८.९.१ शिक्षक तथा प्रधानाध्यापक

विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिको आधारमा देखिएको नतिजालाई आधार मानी निम्नानुसारको प्रोत्साहन सुविधा दिइने छः

क) विद्यालयको कार्य सम्पादनमा गत ३ वर्षको तुलनामा ५ प्रतिशतले वृद्धि भएमा सम्बन्धित विषय शिक्षक एवम् प्रधानाध्यापकलाई एक महिनाको तलव बराबरको रकम प्रोत्साहन स्वरुप प्रदान गरिने छ।

ख) गत ३ वर्षको उपलब्धिमा वृद्धि नभई यथावत रहेमा सम्बन्धित प्र धानाध्यापक एवम् विषय शिक्षकलाई सचेत गराइने छ,

ग) दोस्रो पटकका परीक्षणमा पनि तोकिएको शैक्षिक उपलब्धिमा सुधार गर्न नसकेमा सम्बन्धित प्रअ/विषय शिक्षकको करार भङ्ग गर्न सकिने छ।

**८.९.२ विद्यालय**

विद्यालय अनुदान निर्देशिका, २०७४ मा व्यवस्था भएअनुसार विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।

## परिच्छेद -९

## आर्थिक व्यवस्थापन

**९. कोष सञ्चालन व्यवस्था**

**९.१** प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्थाअनुसारको विद्यालय कोष हुने छ। नमुना विद्यालय सञ्चालनका लागि प्राप्त हुने सबै प्रकारका रकम उक्त कोषमा जम्मा हुने छ। विद्यालयलाई प्राप्त हुने ससर्त अनुदानहरू तोकिएको शीर्षकमा तथा निसर्त अनुदानहरू विद्यालयले कार्यविधि बनाई विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नु पर्ने छ। कोषको सञ्चालन प्रधानाध्यापक तथा विद्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ। कोषको लेखापरीक्षण प्रचलित कानुनमा व्यवस्था भए अनुसार हुने छ।

**९.२ विद्यालय कोषमा देहायबमोजिमका रकम जम्मा हुनेछ :**

**९.२.१ सरकारी अनुदान**

तोकिएबमोजिमको कार्यसम्पादन अवस्था भएका नमुना विद्यालयहरूलाई विद्यालय अनुदान वितरण तथा सञ्चालन निर्देशिका, २०७४ बमोजिम देहायको प्रोत्साहन अनुदान उपलब्ध गराइनेछः

क) ससर्त आधारभूत अनुदान

ख) एकमुष्ठ अनुदान

ग) कार्यसम्पानमा आधारित अनुदान

घ) गुरुयोजना कार्यान्वयनका लागि दिइने अनुदान

**९.२.२ आन्तरिक स्रोत**

क) अभिभावकबाट प्राप्त हुने सहयोग

ख) होस्टेल व्यवस्थापनका लागि सहयोग

ग) आयमूलक कार्यक्रम सञ्चालनबाट प्राप्त आम्दानी

घ) विद्यालयका पूर्वाधार, औजार,सेवा सुविधा उपयोग गर्न दिए वापत प्राप्त हुने आम्दानी

**९.२.३ स्थानीय तहबाट प्राप्त हुने अनुदान**

क) विद्यालयको विकास तथा सञ्चालनका लागि स्थानीय तहबाट प्राप्त हुने अनुदानहरू

**९.२.४ दान दातव्य,चन्दा,उपहार**

क) विद्यालयको विकास तथा सञ्चालनका लागि व्यक्ति वा संस्थाबाट प्राप्त रकम

ख) विद्यालयको अभिलेखमा जनाई आम्दानी बाधी राखिएका जिन्सी सामाग्रीहरू

**९.२.५ अन्य स्रोतबाट प्राप्त हुने रकम**

क) माथि उल्लिखित स्रोतबाहेकका सरकारी,गैरसरकारी तथा अन्य स्रोतबाट प्राप्त हुने अनुदानहरू

## परिच्छेद-१०

## विविध

१०.१ विद्यालयले आवश्यकतानुसार आर्थिक व्यवस्थापन , शिक्षक व्यवस्थापन , शैक्षणिक क्रियाकलाप व्यवस्थापन, छात्रावास व्यवस्थापन लगायतका विषयमा विनियम बनाई कार्यान्वयन गर्नुपर्ने छ।

